# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL SINCE 1969 · 1969 to 2029 · REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 APRIL | No. 04

## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**भजनसंग्रह १४८:७-१४**

७. पृथ्वीबाट परमप्रभुको प्रशंसा गर, हे विशाल जलजन्तु हो र सबै गहिरा सागर हो,

८. बिजुली र असिना, हिउँ र बादल, उहाँको वचन मान्ने आँधीबेहरी हो,

९. पहाडहरू र सबै डाँडाहरू हो, फल फलाउने रूखहरू र सबै देवदारुहरू हो,

१०. जङ्गली जनावर र सबै गाईवस्तुहरू हो, ससाना जन्तु र उड्ने पक्षीहरू हो,

११. पृथ्वीका राजाहरू र सारा जातिहरू, राजकुमारहरू र सारा शासकहरू,

१२. युवकहरू, कन्याहरू, वृद्ध र बालकहरू, परमप्रभुको प्रशंसा गर ।

१३. यिनीहरू सबैले परमप्रभुको प्रशंसा गरून् किनकि उहाँका नाउँ मात्र महान् छ, उहाँको महिमा पृथ्वी र आकासभन्दा पनि उच्च छ ।

१४. उहाँले आफ्ना मानिसहरूका निम्ति एउटा सीङ खडा गर्नुभएको छ, जो उहाँका पवित्रजनहरू, उहाँको हृदयका नजिक रहने इस्राएलका प्रशंसा हुन् । हाल्लेलूयाह ।

# आफ्नो मौनतामा पनि परमेश्वर तपाईंको निम्ति काम गरिरहनुभएको छ

GOD IS WORKING FOR YOU THROUGH HIS SILENCE!

बहिनी एन्जलीन



मेरा सम्पूर्ण फैलिएर रहनुभएका बोलावटको प्रतिध्वनि परिवारका सदस्यहरूमा हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको पुनरुत्थान भएको नाउँमा अभिवादन । प्रभु मसँग के बोलिरहनुभएको छ र मेरो आफ्नै जीवनसँग सामना गरिरहनुभएको कुरा बाँड्न पाउने कुराले ममा सधैँ आनन्द ल्याउँछ । तपाईं अहिले हुनुभएको अवस्थामा पनि - मैले लेखेका कुराहरूले विश्वासमा अनि बढ्न तपाईंलाई उत्साह दिनेछ भनेर म आशा र प्रार्थना गर्दछु किनभने उहाँले यो मेरो निम्ति गर्न सक्नुहुन्छ भने निश्चय नै उहाँले तपाईंको निम्ति पनि यो गर्नुहुनेछ । यी शब्दहरूसँगै, एकले अर्कालाई उत्साह देऔं र विजयमा अनि बढौं ।

**उहाँ बौरिउठ्नुभएको छ ।**

उहाँ बौरि उठ्नुभएको छ - कस्तो शक्तिशाली घोषणा । हाम्रो ख्रीष्टियान विश्वासको जग यही हो । जसै हामी पुनरुत्थान हुनुभएको ख्रीष्टको शक्तिमा मनन गर्छौं, तपाईंले यो निरन्तर पढ्दै गर्दा उहाँले तपाईंको अवस्थामा बोल्नुभएको होस् ।

असल शुक्रवार र ईष्टरको कथा हजारौं वर्षअघि पहिले नै बताइएको थियो - वास्तवमा

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

५ मिनेटको सन्देश

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

* Please Subscribe and Share *

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



## तपाईंको प्रिय भाइबाट....

### ...उहाँले इस्राएलको दुर्गतिलाई अरू बढ्ता हेर्न सक्नुभएन
(न्यायकर्ता १०:१६) ।



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

प्रिय मित्रहरू,

हाम्रो परमेश्वर अचल हुनुहुन्छ र उहाँ सदासर्वदा जिउनुहुन्छ । तपाईंबाट नयाँ काम गर्ने उद्देश्यको साथमा उहाँले तपाईंलाई आफ्नो मार्गमा डोऱ्याउनुहुन्छ । जब तपाईं जीवनको मार्गमा अल्झनुहुन्छ, तपाईंलाई सम्हाल्न र स्थापित गर्न उहाँले आफ्नो हात फैलाउनुहुन्छ । तपाईं गुज्रनुभएको पीडादायी अनुभव जस्तै उहाँले सम्झनुहुन्छ, उहाँको हृदय तपाईंप्रति करुणाले भरिनुहुन्छ । त्यसकारण, साहस गर्नुहोस् - तपाईंको छुटकाराको दिन नजिक आउँदैछ ।

> ***फेरि इस्राएलीहरूले अराम, सीदोन र मोआबका अम्मोनीहरू र पलिश्तीहरूका देवता-देवीहरू तथा बाल र अश्तोरेत देवताहरूलाई पुजेर परमप्रभुको दृष्टिमा जुन कुरा खराब थियो त्यही गरे । तिनीहरूले परमप्रभुलाई त्यागे र उहाँको सेवा गरेनन्*** *(न्यायकर्ता १०:६) ।*

किनभने इस्राएलीहरू परमेश्वरबाट तर्केका थिए र विदेशी देवीदेवताहरूको सेवा गरेका थिए, परमप्रभु तिनीहरूबाट अलग रहनुभयो । परिणामस्वरूप, तिनीहरूका शत्रुहरूले तिनीहरूलाई गम्भीर रूपमा अत्याचार गरे । तर जब तिनीहरूले आफ्ना पाप मानीलिए र पूर्ण हृदयले उहाँकहाँ फर्के, परमप्रभु करुणाले भरिनुभयो र तिनीहरूलाई छुटकारा दिनुभयो । फेरि एक पटक देशले विजय र शान्तिमा आनन्द गरेको थियो ।

> ***तब यहूदा, बेन्यामीन र एफ्राइममाथि आक्रमण गर्नलाई अम्मोनीहरू यर्दन पारि तरे र इस्राएल साह्रै सङ्कष्टमा पऱ्यो । अनि इस्राएलीहरूले सहायताको निम्ति परमप्रभुको पुकारा गरेर भने, हामीले तपाईंको विरुद्धमा पाप गरेका छौं । हामीले आफ्ना परमेश्वरलाई त्यागेर बाल देवताहरूलाई पुजेका छौं*** (न्यायकर्ता १०:९-१०) ।

इस्राएलीहरूको पुकारा सुनेर परमप्रभु करुणाले भरिनुभयो र तिनीहरूमाथि अत्याचार गर्नेहरूबाट तिनीहरूलाई छुटकारा दिनुभयो ।

> ***तब तिनीहरूले पराई देवताहरूलाई त्यागे र परमप्रभुको आराधना गरे । अनि उहाँले इस्राएलको दुर्गतिलाई अरू बढ्ता हेर्न सक्नुभएन*** (न्यायकर्ता १०:१६) ।

तपाईंले आफ्नो कष्ट एक्लै सहनु पर्दैन: तपाईंले अनुभव गर्नुभको पीडा परमेश्वरले बाँढ्नुहुन्छ । कसैले पनि तपाईंको संघर्षको गहिराइलाई पूर्णरूपले बुझ्न नसक्ला तर परमेश्वरले पूर्णरूपमा बुझ्नुहुन्छ । हरेस नखानुहोस् । बलियो र साहसी हुनुहोस् । तपाईंको निम्ति परमप्रभुले असामान्य आश्चर्यकर्म गर्नुहुनेछ ।

परमेश्वरको अनुग्रहद्वारा नहेम्याह बाइबल कलेजका सेवकाइहरू निरन्तर राम्रो प्रकारले चलिरहेको छ र उहाँको असफल नहुने विश्वाससयोग्यता र अगुवाइको निम्ति हामी कृतज्ञ भएका छौं ।

अब हाम्रो कलेजले **नेसनल् असोसियसन फर थियोलोजिकल अक्रेडिटेसन (एनएटिए)** बाट सम्बन्धन प्राप्त गरेको छ भनेर घोषणा गर्न हामी हर्षित छौं । हाम्रो शैक्षिक मापदण्डलाई बलियो

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

बनाउन र हाम्रो सेवकाइको प्रभावलाई ठूलो बनाउन यो महत्वपूर्ण उपलब्धीले महत्वपूर्ण कदम अघि बढाएको छ ।



***Current year Chepauk Nehemiah Bible College students with Senior Pastor Sreekumar, ACA, Ekangipuram (Alumni 1996-1998)***

यसका अतिरिक्त, वर्तमान शैक्षिक सत्रको सुरुवातसँगै हामीले **ब्याचेलर अफ थियोलोजी (बी.टिएच.)** कार्यक्रम सुरु गरेका छौं । यो नयाँ कोर्स सही बाइबलीय ज्ञान, गहन ईश्वरशास्त्रीय बुझाइ र व्यावहारिक सेवकाइको तालिमको साथमा अझ प्रभावकारी रूपमा विद्यार्थीहरूलाई सुसज्जित गर्न तयार गरिएको हो ।

२४ जनवरीमा हामीले महाबलिपुरममा विद्यार्थीहरूको विशेष रिट्रिट आयोजना गरेका थियौं । यो आत्मिक रूपमा बलिया बनाउने भेलाको समयमा शमूएल आरोनले ख्रीष्टसँग



***Special retreat of our Nehemiah Bible College students at Mahapalipuram***

घनिष्टता भन्ने शीर्षकमा परमेश्वरको वचनको सेवकाइ गर्नुभएको थियो । ती सेसनहरू गहन रूपमा सुधार गर्ने प्रकारका थिए र हाम्रा विद्यार्थीहरू अर्थपूर्ण संगति, आराधना र येशू ख्रीष्टलाई केन्द्रमा राखेर गरिएको पोषिलो शिक्षाबाट बलिया र उत्साहित भएका थिए ।

बाइबल कलेजका सेवकाइहरूका निम्ति तपाईंको निरन्तरको प्रार्थनाको लागि हामी नम्रतापूर्वक आग्रह गर्दछौं । तपाईंको आगामी शैक्षिक सत्रमा राम्रो संख्याका नयाँ विद्यार्थीहरूमाथि आशिष् र परमेश्वरको महिमाको निम्ति यो संस्थालाई निरन्तर प्रयोगको निम्ति निरन्तर हामीलाई आफ्नो प्रार्थनामा सम्झिदिनुहोला ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज,*

इमेल: sam@echoofhiscall.org

## सूचना

तपाईंको मोबाइलमा हाम्रा नम्बरहरु (+91) 98410 71858, (+91) 98412 71858 (मुख्य नम्बर) सेभ गर्नुहोला ।

**सम्पादक**

पृष्ठ १ बाट

संसारको जग बसालिनुभन्दा अघि नै । मानव इतिहासमा यो सबैभन्दा ठूलो घटना बनेको छ । ऐतिहासिक रूपमा, वैज्ञानिक रूपमा र आत्मिक रूपमा यसले संसारभरिका हृदयलाई निरन्तर आकर्षित गरिरहेको छ ।

पुनरुत्थानका कुराहरू प्राय: तीन दिनमा राखिएका छन्: असल शुक्रवार, शान्त शनिवार र पुनरुत्थान आइतवार ।

हामीले असल शुक्रवारको बारेमा धेरै कुरा गर्छौं र पुनरुत्थान भएको आइतवारमा आनन्द गर्छौं । तर शान्ति शनिवारको बारेमा के त ? म यसलाई शान्त भन्छु किनभने पवित्रशास्त्रले यस दिनको बारेमा अत्यन्तै कम कुरा प्रकट गरेको छ । कुनै पनि नाटकीय कुरा अभिलेख गरिएको




## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**

छैन । यो शान्त छ । यहाँ कुनै दृश्य कार्य छैन ।

त्यो दिन येशू अझै क्रूसमा टाँगिनुभएको छ भनेर धेरैले कल्पना गर्छन् - चेलाहरूका निम्ति पीडादायी सम्झना:

***तोडिएको प्रतिज्ञाको पीडा***
***बन्द र शर्मको स्थान***
***असफलता र पराजयको दृश्य***
***नफर्कने बिन्दु***

असल शुक्रबारले हामीलाई तोड्छ । पुनरुत्थान भएको आइतबारले हामीलाई उचाल्छ । तर शान्ति शनिबारले हामीलाई निर्माण गर्छ ।

यो त्यही दिन हो, जब केही काम नभएको जस्तो देखिन्छ - तापनि हरेक थोक भइरहेको छ । त्यो दिन, जब परमेश्वरले केही पनि छैन भन्नुहुन्छ - तापनि उहाँको योजना खुल्दैछ । त्यो दिन, जब संसार स्थिर भएको देखिएको छ - तर स्वर्गले हलचल देख्दछ ।

## १. शनिवार त्यो दिन, जुन हामीले बुझ्दैनौं

**तीन दिनपछि जीवित भई उठ्नेछ** (मर्कूस ८:३१), येशूले स्पष्ट रूपमा भन्नुभए पनि शुक्रबारको आघातले प्रतिज्ञा डुबाएको थियो । शनिवार त्यो दिन हो, जब:

- परमेश्वर लुक्नुभएको महसुस भएको
- प्रार्थनाको जवाफ नआएको देखिएको
- विश्वास नाजुक भएको महसुस भएको थियो

चेलाहरू निरास भएका थिए । येशू मर्नुभएको थियो । तिनीहरूका सपना, आशा र विश्वास चकनाचूर भएको थियो - उहाँसँगै दफन भएको थियो । तिनीहरूको स्वामीको भाग्य यस्तो थियो भने तिनीहरूको के हुनेथियो ? त्यो शनिवार बिहानी पीडा, शोक, भय र अन्योलताले भरिएको थियो । तोडिएर र भयले तिनीहरू बन्द ढोकापछाडि लुकेका थिए ।

हामीमध्ये धेरै जना हाम्रो आफ्नै शनिवारमा जिइरहेका छौं - संसारबाट आफैंलाई बन्द गरेर राख्दै ।

यो सन्देश तपाईंको निम्ति हो ।

येशू तिनीहरूका बन्द कोठामा प्रवेश गर्नुभयो र एउटा शब्द बोल्नुभयो: शान्ति । शान्ति - तपाईंको शान्त शनिवारमाथि यो परमेश्वरको अगमवाणीको शब्द हुनेछ भनेर म प्रार्थना गर्दछु ।

**...जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो र तिनीहरूलाई भन्नुभयो, तिमीहरूलाई शान्ति** (यूहन्ना २०:१९) ।

योसेफले परमेश्वरबाट सपना प्राप्त गरे, तापनि तिनले आफैंलाई खाडलमा पाए र पछि कैदमा । कुनै सोर छैन । कुनै व्याख्या छैन । कुनै स्पष्टता छैन । तर आफ्नो उद्देश्यको निम्ति



Jesus said 'Peace be with you'

तिनलाई पदमा ल्याउन परमेश्वरले दृश्यपछाडि काम गरिरहनुभएको थियो ।

जब इस्राएलीहरू लाल समुद्रको अघि खडा भएका थिए - फारो तिनीहरूका पछाडि थिए र तिनीहरूका दुवै छेउमा पहाडहरू थिए - **भय र शंकाले तिनीहरू भयभीत भएका थिए । परमेश्वर शान्त हुनु भएको जस्तो देखिएको थियो । तापनि त्यो मौनतामा, उहाँले आश्चर्यकर्म तयार गरिरहनुभएको थियो** (प्रस्थान १४:१३-१४) ।



*After silence of God, miracle happened!*

शनिवारले हामीलाई मौनता त्यागिएको अवस्था होइन भनेर सम्झाउँछ ।

## २. परमेश्वरले आफ्नो गहन कार्य अन्धकारमा गर्नुहुन्छ ।

जब हामीले केही पनि देख्दैनौं, प्राय: परमेश्वरले सबैभन्दा शक्तिशाली रूपमा काम गर्नुहुन्छ ।

**आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो । पृथ्वी आकारबिनाको र शून्य थियो । अथाह समुद्रमाथि अन्धकार**



*God's Creations*

**थियो र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो** (प्रस्थान १:१,२) ।

अन्धकारले हरेक थोक छोप्छ तर परमेश्वरको आत्मा अझै परिभ्रमण गरिरहनुभएको थियो । उहाँले काम गरिरहनुभएको थियो - त्यो नदेखिए पनि ।

जब तपाईंको प्रार्थनाको जवाफ नआएको जस्तो देखिन्छ...

जब तपाईंको जागृति ढिलो हुन्छ...

जब तपाईंको हृदयले पर्खिरहन्छ...

परमेश्वर अझै पनि दृश्यको पछाडि काम गरिरहनुभएको हुन्छ ।

जब चेलाहरूले शान्त शनिवार शोक गरे, येशू निष्क्रिय हुनुहुन्थेन । पवित्रशास्त्रले प्रकट गर्दछ कि उहाँ:

- **पृथ्वीको तल्लो भागमा ओर्लनुभयो** (एफिसी ४:९)
- **प्रधानताहरू र शक्तिहरूलाई नि:शस्त्र गर्नुभयो** (कलस्सी २:१५)
- **मृत्यु र पातालको चाबी लिनुभयो** (प्रकाश १:१८) ।

संसारले शान्त मात्रै देख्यो ।

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From April 19, 2026 To May 18, 2026

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

अप्रिल १९: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजका ५ मिनेट यूट्यूब सन्देशहरूबाट बाँढिएका गवाहीहरूका निम्ति ।

अप्रिल २०: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

अप्रिल २१: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू, आग्रह गर्ने साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

अप्रिल २२: हाम्रा सम्पूर्ण मण्डलीहरू, बालसंगति, जवान संगति र अस्पताल सेवकाइमाथि परमेश्वरको आशिष्को निम्ति ।

अप्रिल २३: हाम्रो **बाइबलकोर (बाइबल पत्राचार कोर्सहरू) र हाम्रो ईश्वरशास्त्रीय पत्राचार कोर्समाथि** परमेश्वरको निरन्तर आशिष्को निम्ति

अप्रिल २४: समर्पित र योग्य नयाँ कर्मचारीहरूलाई हाम्रो संस्थामा भर्ना गर्न सक्षम बनाउनमा परमेश्वरको निर्देशनको निम्ति ।

अप्रिल २५ हाम्रा सम्पूर्ण प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

अप्रिल २६: हाम्रा मिसन कर्मचारीहरूको निरन्तर समर्पणताको निम्ति ।

अप्रिल २७: सुसमाचार नपुगेका बहुभाषिक मानिसहरूसम्म पुग्न हाम्रो **बोलावटको प्रतिध्वनि यूट्यूब च्यानललाई** सक्षम बनाउँदै यसमाथि परमेश्वरको आशिष्को निम्ति ।

अप्रिल २८: आर्थिक वर्ष २०२५-२०२६ मा परमेश्वरको आशिष्को निम्ति ।

अप्रिल २९: हाम्रा मण्डलीका क्रियाकलापहरूमा सक्रिय सहभागी हुन उत्साह दिँदै जवानहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

अप्रिल ३०: कक्षा १० को परीक्षामा पूर्ण सफलतामा सहायता गर्दै **सेन्ट पावलस् मेट्रिकुलेसन स्कूलका** विद्यार्थीहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

मई १: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारमाथि सम्पूर्ण दुष्ट शक्तिमाथि परमेश्वरको सुरक्षाको निम्ति ।

मई २: हाम्रो संस्थाका सम्पूर्ण कर्मचारीहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको आशिष् र सुरक्षाको निम्ति ।

मई ३: अप्रिल १०, २०२६ मा आयोजना गरिएको **सेन्ट पावलस् मेट्रिकुलेसन स्कूलको** वार्षिकोत्सव समारोहमाथि परमेश्वरको आशिष्को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

मई ४: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

मई ५: हाम्रो संस्थाका सम्पूर्ण कर्मचारीहरूका बीचमा एकता र अपनत्वको मनको निम्ति ।

मई ६: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूमा** योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

मई ७: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति **सेन्ट पावलस् मेट्रिकुलेसन स्कूलमा** नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

मई ८: हाम्रा सेवकाइहरूका आवश्यक आर्थिक कुराहरू पूरा भएको होस् ।

मई ९: हाम्रो सुसमाचारीय छापाखाना र यसको दैनिक संचालनमाथि परमेश्वरको आशिष्को निम्ति ।

मई १०: सम्पूर्ण मण्डलीहरूले आत्माहरू जितुन र तिनीहरूले साँचो जागृति अनुभव गरून् ।

मई ११: जुलाइ ४, २०२६ मा हुन लागेको हाम्रो **नहेम्याह बाइबल कलेजको** दीक्षान्त समारोहको निम्ति ।

मई १२: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिहरूबाट निरन्तर सुरक्षा दिनुभएको निम्ति ।

मई १३: सेवकाइहरू र मिसनरीहरूका विरुद्धमा भएका सम्पूर्ण हिंसाको अन्त्यको निम्ति ।

मई १४: विश्वव्यापी विषम मौसमको अवस्थाको बीचमा पनि संसारभरि परमेश्वरको ईश्वरीय सुरक्षाको निम्ति ।

मई १५: यो नयाँ आर्थिक वर्षभरि परमेश्वरको ईश्वरीय अगुवाइको निम्ति ।

मई १६: परमेश्वरको भय मान्ने र उहाँलाई आदर गर्ने अगुवाहरूका साथमा देशलाई परमेश्वरले आशिष् देऊन् ।

मई १७: उत्तर भारतमा भएका हाम्रा मिसनरीहरू, परमेश्वरका सेवकहरू र उहाँका परिवारको सुस्वास्थ्यको निम्ति ।

मई १८: **बोलावटको प्रतिध्वनि यूट्यूब च्यानलको** निम्ति नयाँ ग्राहकहरूका निम्ति ।

....Contd. from page 4

स्वर्गले विजय देख्यो ।

परमेश्वर शान्त हुनुहुन्छ भनेर तपाईंले महसुस गर्न सक्नुहुन्छ - तर निश्चिन्त हुनुहोस्, तपाईंको विजयी आइतवार तयारी गर्न उहाँले तपाईंको अन्धकार शनिवार काम गरिरहनुभएको छ । मेरा प्रिय दाजुभाइ तथा दिदीबहिनी, निरास नहुनुहोस्, शान्त र अन्धकारको अर्थ परमेश्वरले केही गर्नुहुन्न भन्ने होइन ।

योनाले माछाको पेटमा तीन अन्धकार दिन बिताएका थिए । ती दण्डजस्तो महसुस हुन्छ तर त्यो तयारी थियो - परमेश्वरले तिनको हृदय ठूलो मिसनको निम्ति तयारी गर्दै हुनुहुन्थ्यो ।

दानिएलले सिंहको खोरमा शान्त रात बिताए । तर **परमेश्वर सिंहको मुख बन्द गर्न व्यस्त हुनुहुन्थ्यो** - (दानिएल ६:२२) परमेश्वरले तपाईंको विरुद्धमा उठेका हरेक मुख, हरेक योजना, हरेक वाण बन्द गरिरहनुभएको छ। उहाँले अन्धकारमा काम गरिरहनुभएको छ ।

## ३. बिना प्रमाण भरोसा गर्न शनिवारले हामीलाई सिकाउँछ

आइतवारमाथिको भरोसा उत्सव हो ।

शनिवारमाथिको भरोसा समर्पणता हो ।

शनिवारको विश्वासले भन्दछ:

मैले त्यो देख्दिनँ तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ ।

मैले त्यो महसुस गर्दिनँ तर उहांको प्रतिज्ञा खडा हुन्छ ।

मैले त्यो बुझ्दिनँ तर उहाँ अझै पनि भलो हुनुहुन्छ ।



*Daniel spent a silent night in the lions' den*

अब्राहामले इसहाकको निम्ति पर्खिरहेका थिए। परमेश्वरले पुत्रको प्रतिज्ञा गर्नुभएको थियो तर शान्तमा वर्षहरू बितेका थिए। रोमी ४:२० ले भन्दछ, ... **कुनै शंकाले तिनलाई डगमगाउन सकेन...** । शनिवारको अवसरले स्थिर रहने विश्वास निर्माण गर्छ। यस्तो स्थिर विश्वासमा कायम राख्न अब्राहमको निम्ति अत्यन्तै ठूलो थियो भनेर के तपाईंले सोच्नुहुन्छ ? जैविक रूपमा त्यो असम्भव थियो। मानिसहरूले सोच्न सक्छन्, यो परमेश्वरको प्रतिज्ञा थियो वा तपाईंको हृदयको विचार थियो भनेर के तपाईंलाई वास्तवमै थियो ? तिनले हरेक दिन सारालाई हेरे, तिनको हृदय डुब्न सक्थ्यो तर तिनले अझै पनि प्रतिज्ञामा रहिरहे ।

तपाईंले देख्ने कुराबाट तपाईंको विश्वासलाई डगमगाउन नदिनुहोस्। तपाईंले शारीरिक रूपमा कमजोर भएकी सारालाई देख्नुहुनेछ - तर त्यसलाई आत्मिक आँखाले हेर्नुहोस् । प्रतिज्ञा गर्नुहुने प्रतिज्ञा पुरा गर्नुहुने हुनुहुन्छ । त्यही कारणले गर्दा मात्रै अब्राहामको शनिवार आश्चर्यकर्ममा अन्त्य भएको थियो, जसले संसारको इतिहासलाई निर्माण गरेको छ ।

प्रिय मित्रहरू, तपाईंलाई प्रमाणको आवश्यकता छैन। उहाँमा भरोसा गर्नुहोस्। उहाँमा रहनुहोस् - उहाँले तपाईंको शनिवार आश्चर्यकर्मको साथमा अन्त्य गर्नुहुनेछ। तपाईंको शनिवारले विश्वासको जरा वृद्धि गर्न तपाईंलाई सक्षम बनाउनेछ ।

## ४. शनिवारले हामीलाई पुनरुत्थानको निम्ति तयार गर्दछ

प्राय: हामीमध्ये धेरैले के बिर्सन्छौं भने शनिवार महान् आश्चर्यकर्मको निम्ति तयारीको दिन हो, जुन आइतवार आउन लागेको छ। आइतवार चाँडो आउँछ भने त्यो पर्खाइले उत्पन्न गर्ने रूपान्तरण हामीले गुमाउँछौं । शनिवारले हामीलाई केवल बनाउने मात्रै होइन, त्यसले हामीलाई गहन बनाउँछ, बलियो बनाउँछ र हाम्रा उद्देश्यलाई शुद्ध बनाउँछ ।

१ शमूएल १६ अध्यायमा दाऊद सत्र वर्षमा राजा बन्नको निम्ति अभिषेक गरिएका थिए तर वास्तवमा तिनी तीस वर्षमा मात्रै राजा बनेका थिए, जुन २ शमूएल ५:४ मा उल्लेख गरिएको थियो: **दाऊद तीस वर्षको उमेरमा राजा बने र तिनले चालीस वर्षसम्म राज्य गरे ।**

ती लामो, धैर्यपूर्वक पर्खिएका वर्ष थिए - तयारीको वर्ष, जसले तिनलाई इस्राएलको महान् राजा हुन बनाएको थियो। राजा दाऊदका उपलब्धीहरू असामान्य थिए, तिनले गरेका उपलब्धी अन्य

बाँकी पृष्ठ ९ मा

नहेम्याह साँझको बाइबल कलेज
भर्नाको लागि छिटो गर्नुहोस्। चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time) Hindi (Residential) (Sponsorship Available)
योग्यता: दश कक्षा र सोभन्दा माथि
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौ। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरुमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरु/ चेकहरु/ मनी अर्डरहरु **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | |
|---|---|
| **Account Name** | : **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : **1023 2923 805** |
| **Bank Name** | : **STATE BANK OF INDIA** |
| **Branch** | : **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : **SBIN 0000249** |
| **SWIFT Code** | : **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## परमेश्वरको बोलावटमा तपाईं विश्वासयोग्य रहनुभएको उहाँले चाहनुहुन्छ

**परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्वारा उहाँका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको संगतिमा तिमीहरू बोलाइयौ (१ कोरिन्थी १:९)।**



सन् १९६९ मा जब मैले प्रभु येशू ख्रीष्टलाई मेरो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गरें, उहाँको आगमनको घोषणाका सम्पादक पास्टर एस. देभादासनको सेवकाइमा संलग्न भएँ। परमप्रभुलाई सेवा गर्न उहाँले मलाई आत्मिक तालिम दिनुभयो र तीन वर्षसम्म उहाँको अधीनमा मैले सेवकाइ गरें।

एक दिन जसै हामी लामो समयको निम्ति मिलेर प्रार्थना गरिरहेका थियौं, अचानक भविष्यमा संसार के हुनेछ र मद्वारा परमेश्वरले के गर्ने चाहना गर्नुभएको छ भन्ने बारेमा उहाँले बताउन सुरु गर्नुभयो। उहाँले महान् र अचम्मका थोकहरूका बारेमा बताउनुभयो - त्यो समयमा मैले कहिल्यै कल्पना पनि नगरेका कुराहरू। उहाँले अगमवाणी गर्नुभएको महान् सेवकाइ पूरा गर्न मसँग नता शैक्षिक योग्यताहरू नता आर्थिक अवस्थाहरू, नता दक्ष जनशक्ति नै थिए, जुन एकदिन मैले गर्नुपर्ने थियो।

मैले आफ्ना अपर्याप्त कुराहरूका बारेमा व्याख्या गरें र भनें, पास्टर, म कम्तीमा पनि परमप्रभुको सेवक रहिरहें भने पनि मलाई पर्याप्त छ। उहाँले जवाफ दिनुभयो, सामान्य मानिसलाई ठूलो उचाइमा उचाल्न चाहिने दुई कुराहरू छन्:

**१. विश्वास र**

**२. असल विवेक**




जुन १ तिमोथी १:१९ मा लेखिएको छ। तिमीले यी दुई कुरालाई आफ्नो आँखालाई बचाएझैं सावधानीपूर्वक सुरक्षा दिन्छौ भने मैले भर्खरै उल्लेख गरेका हरेक आत्मिक उन्नति तिमीले निश्चय नै पाउनेछौ।

प्रभुको सहायताबाट, यी सारा वर्षभरि यी दुई गुणहरू कायम राख्ने मैले भरमग्दुर प्रयास गरें।

यो लेख लेख्नु ठीक अघि प्रभु मसँग बोल्नुभयो। जसै मैले उहाँको मधुरो आवाज सुनें, म नाजवाफ र सक्रिय भएँ:

मेरो प्रिय छोरा, एकछिन रोक र यो भवनको बारेमा मनन गर, जहाँ तिमी खडा भएका छौ। तिमीले यो कसरी प्राप्त गऱ्यौ? सेवकाइहरू यहाँ संचालन भइरहेको विचार गर। भूइँ तल्लामा अत्याधुनिक प्रविधिको साथमा सुसमाचार छापाखानामा हेर। पहिलो तल्लामा भएको मण्डलीको बारेमा कहिल्यै विचार गरेका छौ, जहाँ २४ घण्टे प्रार्थना निरन्तर भइरहेको छ? के तिमीले नहेम्याह बाइबल कलेज सेवकाइ र र यहाँ अध्ययन गरिरहेका छात्राहरूका बीचमा भइरहेको कामलाई कहिल्यै विचार गरेका छौ? दोस्रो तल्लामा भएको **बोलावटको प्रतिध्वनि** प्रशासन कार्यालयको बारेमा कहिल्यै मनन गरेका थियौ? तेरो प्राकृतिक क्षमताभन्दा परका सेवकाइहरू पूरा गर्न तिमीलाई सहायता गर्न, म तिमीलाई धेरै हारून र यहोशू दिएको छु - तिमीभन्दा धेरै सीप र बुद्धि भएका मानिसरू - हरेक अवस्थामा तिमीलाई सहायता गर्न। तिमीले यी आशिष् बिर्से पनि म तिमीलाई सम्झन्छु। मैले तिमीलाई पहिलो पटक बोलावट दिंदा तिमी कस्तो थियौ? अब तिमी को हौ? म तिम्रो सेवकाइलाई अझ वृद्धि गर्नेछु। मेरो सेवक पास्टर एस. देभादासनले तिमीलाई सिकाएअनुसार विश्वासमा स्थिर र असल विवेकमा रह। कठिन र जोखिम भएको मार्गबाट तिमी हिंड्दा निरास नहोऊ। के मैले तिमीलाई बोलावट दिएको होइन र? मेरो मुखबाट मैले तिम्रो बारेमा जे बोलेको छु, मेरो आफ्नै हातले ती म पूरा गर्नेछु। बलियो होउ र निरास नहोऊ। कहिलेकाहीं मद्वारा प्रभुले पूरा गर्नुभएका अचम्मका र शक्तिशाली कार्यलाई पूर्णरूपमा बुझ्न म असमर्थ हुन्छु।



प्रिय दाजुभाइ तथा दिदीबहिनी, परमेश्वरले तपाईंमाथि राख्नुभएका अगुवाहरूको आज्ञा पालन गर्नुहोस्। संसारका मार्गअनुसार नहिँड्नुहोस्। परमेशवरको नेतृत्वको अधीनमा नम्र बन्नुहोस् र आफ्नो विश्वास र असल विवेकलाई सुरक्षित राख्नुहोस्। तपाईं परमेश्वरको अघि साँचो रूपमा खडा हुनुहुन्छ भने तपाईंद्वारा उहाले ठूला कार्यहरू गर्नुहुनेछ। परमेश्वरले तपाईंलाई शक्तिशाली रूपमा प्रयोग गर्नबाट केहीले पनि रोक्न सक्दैन।

सम्पूर्ण महिमा र आदर उहाँलाई मात्रै।

*************

पृष्ठ ६ बाट

कुनै राजाले पाएका थिएनन् । त्यो पर्खिने अवसरले तिनलाई नम्रताको बारेमा सिकाएको थियो - आफ्नो विरुद्धमा षड्यन्त्र गर्नेहरूलाई क्षमा गर्न । यसले तिनलाई साहसको बारेमा सिकाएको थियो - स्थिर निडरताको साथमा आफ्नो जीवनका दैत्यहरूलाई सामना गर्न । यसले तिनको चरित्रलाई बनाएको थियो - सबैभन्दा धेरै पवित्र आत्माको उपस्थितिमा रहनु तिनले सबैभन्दा ठूलो धन थियो भनेर सिकाइरहेको थियो ।

**मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्** (भजनसंग्रह ५१:११) ।

**तपाईंको मन्दिरभित्रको एक दिन अरू ठाउँका हजार दिनभन्दा उत्तम छ । दुष्टहरूका पालमा बस्नुभन्दा बरु मेरा परमेश्वरका भवनको ढोके हुनलाई मलाई मन पर्छ** (भजनसंग्रह ८४:१०) ।

के तपाईंले आज केही कुराको निम्ति पर्खिरहनुभएको छ ? त्यसो भए यो जान्नुहोस् परमेश्वरले तपाईंलाई ठूला कुराको निम्ति तयार गरिरहनुभएको छ ।

बलियो बन्नुहोस् । साहस गर्नुहोस् । पर्खनुहोस् ।

## ५. तपाईंको शनिवार सधैं रहिरहनेछैन

परमेश्वरले पुनरुत्थान ग्यारेन्टी गर्नुभएको हुनाले उहाँ शक्तिशाली आइतवार हुनुहुन्छ, तपाईंको अन्धकार शनिवार सदा रहिरहनेछैन ।

शान्त शनिवार अस्थायी हो ।

शनिवारको शोक अस्थायी हो ।

शनिवारको अन्योलता अस्थायी हो ।

येशू ख्रीष्टले पहिले नै घोषणा गर्नुभएको छ ...**यस मन्दिरलाई भत्काइदेओ र म तीन दिनमा यसलाई खडा गर्नेछु** (यूहन्ना २:१९) ।

तपाईंको बाटो बन्द गरिरहेको गह्रौं ढुङ्गा अर्कोतिर गुडेर जानेछ । तपाईंको शनिवार ज्योतिले तोडिनेछ । प्रतिज्ञा आउनेछ र तपाईं चिहानको छेउबाट हिँड्नुहुनेछ । त्यहाँ शनिवार छ भने निश्चय नै आइतवार हुनेछ ।



*'Destroy this temple, and in three days I will raise it up.'*

म लाजरसलाई सम्झन्छु । तिनी चार दिनसम्म चिहानमा पडिरहे - मौनताको लामो चार दिन, पर्खंदै र पूर्ण आशाहीनता । हरेक थाके पूरा भएको जस्तो देखिएको थियो । तर जब येशू ख्रीष्ट अघि आउनुभयो, हरेक शोक परिवर्तन भएको थियो ।

...येशूले भन्नुभयो, **के मैले तिमीलाई भनेको होइनँ, तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछौ** (यूहन्ना ११:४०) ?

प्रिय मित्रहरू, ती अन्धकार शनिवारमध्ये धेरैबाट म हिँडेकी छु । मैले केको बारेमा कुराकानी गरिरहेको छु भनेर मलाई थाहा छ । ती कस्तो भयानक र हृदयविदारक हुन सक्छन् भनेर मैले जानेकी छु । ती अवसरमा मैले करिबकरिब हरेस खाइसकेकी थिएँ - जबसम्म येशू ख्रीष्ट भित्र आउनुभएन र मेरो पूर्णविरामलाई, अर्धविराममा परिणत गरिदिनुभयो । उहाँले मेरो निम्ति यस्तो गर्न सक्नुहुन्छ भने उहाँले तपाईंको निम्ति पनि त्यो गर्न सक्नुहुन्छ । शर्म, पराजित र शोकमा भएको तपाईंको जीवनमा त्यसको अन्त्य चाँडै नै आउनेछ । तपाईंको शनिवार तपाईंको कथाको अन्त्य होइन ।

येशू ख्रीष्ट यस संसारमा हाम्रो जीवनमा उद्देश्य र अर्थ दिन आउनुभयो । हामी पाप वा पराजयमा जिएको उहाँले कहिल्यै चिताउनुभएन । उहाँ आउनुभयो र हाम्रो स्थानमा क्रूसमा मर्नुभयो ताकि हामीले विजयी जीवन जिउन सकौं । हामी केही कुरामा दास छैनौं - हामी विजयी हौं ।

तपाईंले आफैंलाई शनिवारको मौसममा पाउनुभएको छ भने - पर्खंदै, अचम्ममा पर्दै, चोट पाउँदै - साहस गर्नुहोस् । शनिवारको मौनतालाई आइतवारको विजयमा परिणत गर्ने सोही परमेश्वर तपाईंको जीवनमा अहिले नै काम गर्नुहुन्छ ।

पुनरुत्थान भएको आइतवारको विजयभन्दा शनिवारको मौनता शक्तिशाली छ । परमेश्वरमा रहनुहोस् र उहाँका प्रतिज्ञामा रहनुहोस् । तपाईंको आइतवार बाटोमै छ - तर तपाईंको शान्त शनिवारलाई सानो नठान्नुहोस् । येशू ख्रीष्टमा भरोसा गर्नुहोस् । उहाँले मात्रै तपाईंको मौन शनिवारलाई विजयी आइतवारमा परिणत गर्न सक्नुहुन्छ । उहाँ आउन लाग्नुभएको राजा हुनुहुन्छ ।

- ***परमेश्वर मौन बस्नुभएको हुन सक्छ तर उहाँ कहिल्यै स्थिर हुनुहुन्न ।***
- ***उहाँ लुक्नुभएको हुन सक्छ तर उहाँ कहिल्यै अनुपस्थित हुनुहुन्न ।***
- ***उहाँ शान्त बस्नुभएको हुन सक्छ तर उहाँ सधैं विश्वासयोग्य हुनुहुन्छ ।***

*************


## सूचना

बलार काल्भी निलायाम, चेन्नाइमा ४ जुलाइ २०२६ (शनिवार) मा हुन गइरहेको हाम्रो **नहेम्याह बाइबल कलेजहरूको** दीक्षान्त समारोहको निम्ति कृपया हामीसँग जोडिनुहोस् ।

**Special Guest:**
**REV. DR. S.J. KINGSLEY,**
**(COO, JESUS CALLS)**

आगामी शैक्षिक सत्र २०२६-२०२७ को निम्ति हाम्रो कलेजमा समर्पित विद्यार्थीहरू पठाइदिनुहुन पनि हामी तपाईंमा आग्रह गर्दछौं, जुन १ जून २०२६ मा सुरु हुनेछ ।

**प्रधानाध्यापक**

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

Scan to pay with any UPI app

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th APRIL 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**